PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय
**मानव बेचबिखन अनुसन्धान ब्यूरो**
बबरमहल, काठमाण्डौ

फान { ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२९

### " वुटवलको कपडा पसलमा काममा लगाईदिन्छु भनि झुक्याई भारत पुर्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ "

पीडित जाहेरवाला **परिवर्तित नाम २६ बबरमहल (५६१)** लाई प्रतिवादी **जीवन भन्ने रिक मन राईले** फेसबुक मार्फत चिनजान गरी गाँउघरमा त्यतिकै बस्नु भन्दा वुटवलको कपडा पसलमा राम्रो आम्दानी हुने रोजगारीमा लगाईदिने प्रलोभन देखाई काठमाण्डौ बोलाई काठमाण्डौबाट बिरगंज हुदै भारतको मुजफ्फरपुरमा पुऱ्याई बन्धक बनाई तालिमको नाममा त्रास तुल्य बनाई राखेको अवस्थामा निजको श्रीमानको पहलमा नेपाल फिर्ता भई आएको भन्ने मानव बेचबिखन तथा ओसारपसार मुद्दामा वारदात पश्चात फरार प्रतिवादी **जीवन भन्ने रिक मन राईलाई** मिति २०८०/११/२२ गते प्रहरी वृत कालिमाटी समेतको सहयोगमा पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट ०७ (सात) दिन म्याद थप गरि आवश्यक अनुसन्धान भईरहेको ।

**पक्राउ प्रतिवादी:-** जिल्ला पुर्वी नवलपरासी विनयी त्रिवेणी गाउँपालिका वडा नं.३ स्थायी वतन भएका बर्ष २५ को **जीवन भन्ने रिक मन राई** ।

**अभियुक्तको फोटो**



**प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको विवरण:-**

- घरको आर्थिक अवस्था कमजोर भएकी पीडितलाई प्रतिवादीले वुटवलमा मासिक ने.रु. ४० हजार देखी रु.५० हजार तबल पाईने कपडा पसलमा काममा लगाईदिने प्रलोभन देखाई मिति २०८०/१०/०४ गते काठमाण्डौबाट बिरगंज, रक्सौल हुदै भारत बिहारको मुजफ्फरपुरको खपडा भन्ने ठाउँमा पुऱ्याई कथित मोर्डन फेसन ट्रेड मार्क नामक कम्पनीमा बुझाएको खुल्न आएको ।

- प्रतिवादीले कम्पनीमा काम गर्न सात (७) दिने तालिम लिनु पर्छ भनि जाहेरवालाबाट सुरुमा सोह्र हजार लिएको खुल्न आएको।
- तालिम दिई सकेपश्चात कम्पनीमा लगानी गर्नुपर्छ भनि जाहेरवालाबाट कम्पनीमा लगानीको लागि जवरजस्ती ने.रु.१८०,०००।- (एक लाख असि हजार) समेत लिएको खुल्न आएको।
- जाहेरवालाई विमा समेत गर्न रकम चाहिन्छ भनेकोमा जाहेरवालाले ईन्कार गरी नेपाल फर्काईदिन आग्रह गरेकोमा हामीहरुले तिमीलाई जसरी ल्याएका हौ, तिमीले पनि त्यसैगरी अन्य ४ जना व्यक्तिहरु ल्यायौ भने मात्र यहाँबाट पठाईदिन्छौ भनी जाहेरवालाको मोवाईल समेत जफत गरी, बाहिर निस्कन समेत नदिई कम्पनीको होस्टलमा बन्धक बनाई राखेको खुल्न आएको।
- प्रतिवादीहरुले नेपालबाट आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई कम्पनीको काममा लगाईदिने प्रलोभनमा देखाई लैजाने र त्यसरी लगिएका व्यक्तिहरुलाई समेत अन्य चारजना व्यक्ति खोजेर ल्याएपश्चात कमिसन दिने भनि प्रलोभनमा पार्ने गरेको खुल्न आएको।
- पीडितले वैदेशिक रोजगारीमा रहेका श्रीमानलाई घटनाको बारेमा जानकारी गराए पश्चात श्रीमानको पहलमा नेपाल फिर्ता हुन सफल भएको।
- उल्लेखित घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान जारी रहेको।

**सुचना अधिकारी**
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:- ९८५१२९२२०२

मितिः- २०८०/११/२३ गते।
ने.सं ११४४ सिल्लागा, ११ बुधवार।